# ६२

# नेपालमा वातावरणीय सुशासनको व्यवस्था

## तिलप्रसाद श्रेष्ठ

(...)

**नेपालमा वातावरण संरक्षणसम्बन्धी भएका प्रयास**

हाम्रा धार्मिक परम्पराहरू र वैदिक संस्कृतिलाई आधार मान्ने हो भने नेपालमा प्राचीन समयदेखि नै वातावरण संरक्षणका लागि प्रयास भएको भनेर मान्नुपर्दछ तर आधुनिक समयमा भएका प्रयासहरूलाई आधार मान्दा यसको इतिहास धेरै लामो छैन । २०१३ सालदेखि मात्र योजनावद्ध विकास प्रारम्भ भएको नेपालमा प्रथम पञ्चवर्षीय योजनादेखि नै वातावरणसम्बन्धी केही नीतिगत व्यवस्थाहरू समावेश भएको पाइन्छ। हालसम्मका ९ वटा आर्थिक योजनाहरूमा समावेश भएका वातावरण-सम्बन्धी नीतिगत व्यवस्थाहरूलाई संक्षेपमा तालिका १ मा उल्लेख गरिएको छ ।

विभिन्न आवधिक योजनाहरूमा गरिएका यी नीतिगत व्यवस्थाहरूको विश्लेषण गर्दा प्रथम पञ्चवर्षीय योजनादेखि नै केही नीतिगत व्यवस्थाहरू समावेश भएको पाइन्छ। सोही अवधिमा पहिलो पल्ट वनजङ्गललाई राष्ट्रिय सम्पत्तिको रूपमा स्वीकार गरी त्यस्तो राष्ट्रिय सम्पत्तिको रूपमा रहेको वनसम्पदालाई अरू विनाश हुनबाट रोक्न र यसलाई मुलुक र जनताको हितमा उपयोग गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था गर्ने उद्देश्यले निजी वनजङ्गल राष्ट्रियकरण ऐन २०१२ तर्जुमा भई लागू भएको पाइन्छ। यसपछि २०१७ सालमा जलचर संरक्षण ऐन, २०२३ सालमा खाद ऐन, २०२९ सालमा बिरुवा संरक्षण ऐन र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बनी लागू भएको देखिन्छ। तर पाँचौं पञ्चवर्षीय योजनामा माात्र वातावरण संरक्षणको विषयले स्पष्ट प्रवेश पाएको देखिन्छ । सन् १९७२ मा सम्पन्न संयुक्त राष्ट्र सङ्घीय वातावरण सम्मेलनको लगत्तै पाँचौं योजना तर्जुमा भएको कारणले यसो हुनु स्वाभाविकै थियो । उक्त सम्मेलनमा नेपाल पनि सहभागी भई सम्मेलनद्वारा पारित प्रस्तावहरूप्रति

३० साउन-१ भदौ २०५९ मा न्याय मञ्चद्वारा काभ्रेको धुलिखेलमा आयोजित ‘वातावरणीय न्याय र समन्याय’ विषयक अन्तरक्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्रबाट उद्धृत ।

प्रतिबद्धता जनाएकाले एक हिसाबले अनिवार्यता पनि थियो । यस दृष्टिबाट भन्ने हो भने नेपालमा वातावरण संरक्षणका सम्बन्धमा भएका प्रयासहरूको इतिहास ३० वर्ष भन्दा लामो छैन । हुन पनि चौथो पञ्चवर्षीय योजना अवधिसम्ममा जति पनि वातावरणीय नीतिहरू समावेश भए र कानूनहरू तर्जुमा भए तिनीहरूको मुख्य उद्देश्य खास अर्थमा वातावरण संरक्षण गर्नेभन्दा पनि वातावरणीय सम्पदाहरूको उपयोग र प्रयोगलाई नियमित गरी बढीभन्दा बढी राजश्व सङ्कलन गर्ने धारणाबाट प्रेरित रहेको पाइन्छ । (...)

*तालिका १: आर्थिक योजनाहरूमा समावेश वातावरणसम्बन्धी नीतिगत व्यवस्था*

| योजना | नीतिगत व्यवस्थाहरू |
|---|---|
| पहिलो पञ्चवर्षीय योजना (वि.स. २०१३-१८) | ● कृषि उत्पादन तथा वन क्षेत्रको आयमा वृद्धि गर्ने |
| दोस्रो त्रिवर्षीय योजना (वि.स. २०१९-२२) | ● प्राकृतिक स्रोतहरूको सर्वेक्षण गर्ने र उद्योग, विद्युत, सिँचाइ तथा यातायातका क्षेत्रमा कार्यक्रमहरू कार्यान्वयन गर्दा स्रोत संरक्षण सुनिश्चित गर्ने । |
| तेस्रो पञ्चवर्षीय योजना (वि.स. २०२२-२७) | ● पहाडमा रहेको जनसङ्ख्याको चापलाई कम गर्न तराईमा पुनर्वास कार्यक्रम सञ्चालन गर्ने ।<br>● वनजङ्गलको सर्वेक्षण गर्ने ।<br>● खानेपानी तथा ढल निकासका लागि गुरुयोजना तयार गर्ने । |
| चौथो पञ्चवर्षीय योजना (वि.स. २०२७-३२) | ● पुनर्वास समेतको व्यवस्थाबाट कृषि भूमिको उत्पादकत्व बढाउन वनक्षेत्रको पुनरुत्थान गर्ने ।<br>● वन क्षेत्रबाट प्राप्त हुने राजश्वमा वृद्धि गर्ने र वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्ने ।<br>● छनौट गरिएका जिल्लाहरूमा जमिन र माटोको सर्वेक्षण गर्ने ।<br>● काठमाडौँ उपत्यकाको जलाधारक्षेत्रमा भू-संरक्षण कार्यक्रम सञ्चालन गर्ने । |
| पाँचौं पञ्चवर्षीय योजना (वि.स. २०३२-३७) | ● वनस्पति तथा वन्यजन्तुको संरक्षण गर्ने ।<br>● उद्योगहरूको स्थापना घना बसोबास भएका क्षेत्रबाट टाढा गर्ने ।<br>● वातावरण संरक्षणमा पर्याप्त ध्यान दिने । |
| छैठौं पञ्चवर्षीय योजना (वि.स. २०३७-४२) | ● जनसङ्ख्या नियन्त्रण ।<br>● भू तथा जलाधार व्यवस्थापन ।<br>● सङ्कटापन्न अवस्थामा पुगेका वनस्पति तथा जनावरको सर्वेक्षण गर्ने ।<br>● कृषि क्षेत्रमा परेको चापलाई कम गर्ने ।<br>● विकास आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने । |
| सातौं पञ्चवर्षीय योजना (वि.स. २०४२-४७) | ● वातावरण व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्ने ।<br>● वन तथा भू संरक्षणमा जोड ।<br>● कम उत्पादन क्षेत्रमा वृक्षारोपण गर्ने ।<br>● शहरी क्षेत्रमा रहेका खानेपानी तथा ढल निकास जस्ता वातावरणीय समस्याको समाधानका लागि शहरी विकास योजना लागू गर्ने । |
| आठौं पञ्चवर्षीय योजना (वि.स. २०४९-५४) | ● दिगो आर्थिक विकास र गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्दा वातावरणीय पक्षमा जोड दिने ।<br>● आर्थिक विकासका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गराउने ।<br>● वातावरण संरक्षणबारे चेतना अभिवृद्धि गर्ने र कानूनको तर्जुमा गर्ने । |
| नवौं पञ्चवर्षीय योजना (वि.स. २०५४-५९) | ● विकास प्रयासमा वातावरणका पक्षलाई एकीकृत गर्ने ।<br>● वनको वैज्ञानिक व्यवस्थापन गर्ने ।<br>● राष्ट्रिय स्रोत संरक्षणका लागि कानूनी व्यवस्था गर्ने ।<br>● जैविक विविधताको क्षेत्र विस्तार गर्ने ।<br>● प्रदूषण नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने ।<br>● शहरी फोहर व्यवस्थापन गर्न निजी क्षेत्र र नागरिक समाजलाई सामेल गर्ने ।<br>● वातावरण क्षेत्रमा हरेक मन्त्रालयको संस्थागत सुदृढीकरण गर्ने । |

## नीति र योजनामा वातावरण

पाँचौं पञ्चवर्षीय योजनादेखि अघि सारिएको पर्यावरणीय सन्तुलन र आर्थिक विकासको अवधारणाका अतिरिक्त यसै योजना अवधिमा भू-उपयोग तथा जलस्रोत विकासका नीतिहरू ल्याइयो भने सोही अवधिमा राष्ट्रिय वन नीति, २०३२ समेत लागू गरियो। छैठौं पञ्चवर्षीय योजनामा वातावरणीय संरक्षणको पक्षमा अति महत्वपूर्ण मानिएको वातावरणीय प्रभाव मूल्याङ्कनको विषयले स्थान पाएको थियो । सातौं पञ्चवर्षीय योजनामा राष्ट्रिय संरक्षण कार्यनीति र वन विकास गुरु योजनालाई अनुमोदन गरी तिनको कार्यान्वयन समेत शुरु भयो। आठौं योजनामा वातावरण नीति र कार्ययोजना तयार भयो (२०४९ सालमा) भने वातावरण संरक्षणबारे चेतना अभिवृद्धि गरी कानून समेत निर्माण गर्ने कुरामा जोड दिइएअनुसार वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ तर्जुमा भई लागू भयो । यसै अवधिमा कृषि क्षेत्रको दीर्घकालीन योजना तयार भयो भने विभिन्न राजनीतिक पार्टीहरूले आफ्ना चुनावी घोषणा पत्रमा वातावरणीय विषयलाई पनि समावेश गर्ने कार्यको प्रारम्भ भयो । नवौं योजनाले स्रोतको दिगो व्यवस्थापनलाई अङ्गीकार गरेको छ । वन सम्पदाको व्यवस्थापनका लागि सामुदायिक वन व्यवस्थापनमा जोड दिइएको छ। यसै गरी धुवाँ, धूलोबाट हुने प्रदूषण नियन्त्रण गर्ने तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र जगेर्ना गर्दै 'इक्वोग्राफिक म्यूजियम' स्थापना गर्ने कार्यक्रम पनि यस योजनाले राखेको छ ।

यसैगरी २०५१ सालदेखि लागू भएको जैविक विविधतासम्बन्धी महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय जैविक विविधता कार्य योजनाले अन्तिम रूप लिँदैछ। वातावरणसम्बन्धी पक्षहरूलाई सामाजिक आर्थिक  विकासका योजना तथा कार्यक्रममा समावेश गर्दै लैजाने उद्देश्यले जनसङ्ख्या तथा वातावरण मन्त्रालयबाट पाँच वर्षे रणनीतिक योजना पनि तयार भएको छ । जनसङ्ख्या तथा वातावरण मन्त्रालयको रणनीतिक भूमिका र जिम्मेवारी प्रष्ट पार्ने उद्देश्यले तयार गरिएको यस योजनामा मूल उद्देश्य, कार्यनीति, प्राथमिकता र कार्यक्रमहरू उल्लेख गरिएको छ। यो योजनाको मूल उद्देश्य आर्थिक विकास योजना तथा निर्णय प्रक्रियामा, वातावरणीय प्रक्रियामा वातावरणीय संयन्त्रहरूलाई एकीकृत गर्ने, प्राविधिक तथा वैज्ञानिक जनशक्तिको विकास एवं परिचालन गर्ने, संस्थागत विकास गर्ने, वातावरण व्यवस्थापनमा सम्बन्धित सरोकारवालाहरूको सहभागितालाई कार्यान्वयन गरी प्रदूषण तह न्यून गर्ने रहेको छ । यसका लागि पाँच वर्षको समयावधि तोकी २१ वटा मुख्य कार्यक्रमहरू र ८४ वटा उपकार्यक्रमहरू प्रस्ताव गरिएका छन् ।

## अन्तर्राष्ट्रिय प्रतिबद्धतामा वातावरण

वातावरणसम्बन्धी समस्यालाई साझा समस्याको रूपमा स्वीकार गरी आज सम्पूर्ण अन्तर्राष्ट्रिय समुदाय वातावरण संरक्षणका दिशामा विभिन्न कार्यक्रमहरूमार्फत

प्रयासरत छन् । यी प्रयासहरूमध्ये खास विषयमा अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना गर्ने, छलफल गर्ने र प्रस्तावहरू पारित गर्ने एउटा पर्दछ भने अर्कोमा अन्तर्राष्ट्रिय सन्धि महासन्धि र सम्झौताहरूको तर्जुमा, हस्ताक्षर र अनुमोदन पर्दछ। अन्तर्राष्ट्रिय सम्मेलनहरूद्वारा पारित प्रस्तावहरू ध्यानाकर्षणका रूपमा रहन्छन् र यिनको प्रभाव निर्देशनात्मक हुन्छ । पारित प्रस्तावका विषयहरू कार्यान्वयन गर्ने वा नगर्ने भन्ने विषय सम्बन्धित राष्ट्रको स्वेच्छामा निर्भर गर्दछ। त्यसैले अन्तर्राष्ट्रिय कानूनमा यी विषयहरूलाई नरम कानूनका रूपमा लिने गरिन्छ । अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूका प्रावधानहरू अनुमोदन गर्ने राष्ट्रहरूका लागि ती बाध्यात्मक हुन्छन् । त्यसैले यिनलाई कठोर कानून भन्ने गरिन्छ। त्यसो त यी सन्धिका प्रावधानहरू पनि स्वतः लागू हुने कि संसदले कानून बनाएर व्यवस्था गरेपछि मात्र लागू हुने भन्ने दुई किसिमका परम्पराहरू प्रचलनमा छन्। पहिलोलाई एकात्मक सिद्धान्त र पछिल्लोलाई द्वयात्मक (dualist) सिद्धान्त भनिन्छ। जे होस् नेपाल पनि वातावरणसँग सम्बन्धित विभिन्न महासन्धिहरूको पक्ष भएर र वातावरणको विषयमा भएका विभिन्न सम्मेलनहरूका भाग लिएर वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय प्रयासमा सहभागी भएको छ र प्रतिबद्धता जनाएको छ ।

वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको सहभागिताको कुरा गर्दा सन् १९७२ को जुन महिनामा स्वीडेनमा सम्पन्न भएको मानवीय वातावरणसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय सम्मेलनदेखि नै नेपालले भाग लिँदै आएको हो। सो सम्मेलनमा भाग लिएर नेपालले त्यहाँ पारित उपयुक्त वातावरणमा बाँच्न पाउने मानिसको मौलिक अधिकारप्रति समर्थन गर्नुपर्ने, प्रदूषण नियन्त्रणका लागि सम्भव उपायहरू अपनाउनुपर्ने, आफ्नो भूमिभित्रको गतिविधिको कारणबाट अरू मुलुकलाई वातावरणीय क्षति पुऱ्याउन नहुने जस्ता प्रस्तावहरूप्रति प्रतिबद्धता जनाएको थियो। यसपछि सन् १९९२ को जुन ३-१४ सम्म ब्राजिलको रियो दि जेनेरियोमा १७० भन्दा बढी मुलुकहरूको सहभागितामा सम्पन्न वातावरण र विकाससम्बन्धी संयुक्त राष्ट्र सङ्घीय सम्मेलन (पृथ्वी सम्मेलन)मा नेपालले सक्रियतापूर्वक भाग लियो । यस सम्मेलनले एउटा रियो घोषणापत्र, दुईवटा महासन्धिहरू (जैविक विविधता र मौसम परिवर्तन) र दुईवटा सिद्धान्तहरू (वन सिद्धान्तहरू र एजेण्डा - २१) गरी जम्मा ५ वटा लिखतहरू पारित गरेको थियो। रियो घोषणापत्रले आफ्नो भूमिको प्रयोग गर्दा अरू मुलुकको वातावरणमा हानि पुग्न नपाउने गरी गर्नुपर्ने स्टकहोम घोषणापत्रको व्यवस्थालाई पुनः जोड दिँदै वर्तमान र भविष्यका सन्ततिको वातावरणीय समन्यायको अवधारणालाई पनि आत्मसात गरेको छ। यसैगरी यो घोषणापत्रले पूर्वसावधानीको सिद्धान्त (सिद्धान्त १५), प्रदूषकको देय सिद्धान्त (सिद्धान्त १६), वातावरणीय प्रभाव मूल्याङ्कन (सिद्धान्त १७) जस्ता वातावरण संरक्षणका दिशामा महत्वपूर्ण भूमिका खेल्ने सिद्धान्तहरूको अवलम्बन गर्नुपर्ने कुरामा पनि जोड दिएको छ ।

यसैगरी केही दशकयता वातावरण संरक्षणका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न महासन्धि र सम्झौताहरू पनि सम्पन्न भएका छन् । यीमध्ये नेपाल हालसम्म १६ वटा वातावरणसँग सम्बन्धित महासन्धि र सम्झौताको पक्ष राष्ट्र भैसकेको छ । (नेपाल सहभागी भएको वातावरण तथा प्राकृतिक स्रोतसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूको विवरण यही खण्डको अर्को लेखमा दिइएको छ ।) (...)

## प्रचलित कानूनहरूमा वातावरण

कानूनी राज्यमा हरेक क्रियाकलापहरू कानूनद्वारा समर्पित हुनुपर्ने सिद्धान्तअनुरूप वातावरण संरक्षण र यसको प्रवर्द्धनका क्षेत्रमा पनि नेपालमा विभिन्न ऐन नियमहरूको तर्जुमा भई कार्यान्वयनमा रहेका छन् । खास गरेर २०४६ सालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६(४) ले राज्यले आफ्नो शासन व्यवस्था सञ्चालन गर्दा अपनाउनु पर्ने नीतिको रूपमा "जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरू पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ वन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ" भन्ने व्यवस्था गरेको छ । संविधानका तिनै भावनालाई आत्मसात गर्दै वातावरण संरक्षणलाई मूल उद्देश्य बनाई वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४ बनेको छ भने प्रचलित अरू ऐन नियमहरूमा पनि संशोधन गरी राज्यका क्रियाकलापहरूलाई वातावरण-मैत्री बनाउने प्रयास गरिएको छ । वातावरणसँग सम्बन्धित अरू ऐन नियमहरू र तिनका व्यवस्थालगायत वातावरण संरक्षण ऐन र नियमावलीले गरेको वातावरण संरक्षणसम्बन्धी व्यवस्थालाई यहाँ उल्लेख गरिएको छ ।

### *वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४*

आर्थिक विकास र वातावरण संरक्षणबीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानवजाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथासक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यले वातावरण संरक्षण ऐन बनेको हो । यो ऐनमा जम्मा २४ वटा दफाहरू समावेश छन् । वातावरण संरक्षण ऐनको दफा २४ ले दिएको अधिकार प्रयोग गरी बनाइएको नियमावली २०५४ मा ५४ वटा नियम र ७ वटा अनुसूची समावेश छन् । वातावरण संरक्षण ऐन २०५४ साल असार १० देखि प्रारम्भ भएको हो भने नियमावली ऐन लागू भएको २ दिनपछि कार्यान्वयनमा आएको हो । (...)

*निजी वनजङ्गल राष्ट्रियकरण ऐन, २०१३*
वनजङ्गल राष्ट्रिय धनको एक भाग भएकोले राष्ट्रिय धन नाश हुनबाट रोक्न र देश तथा जनताको हितको लागि उत्तम रूपले वनजङ्गलको संरक्षण व्यवस्था तथा उपयोग गर्ने ।

*जलचर संरक्षण ऐन, २०१७*
खास प्रकारका जलचरलाई समाप्त पार्न, मार्न र चोट पुऱ्याउन मनाही गर्नसक्ने, मनाही नगरिएकालाई पनि विस्फोटक पदार्थ वा विषालु पदार्थ प्रयोग गरी समाप्त पार्न र मार्न निषेध गर्न सक्ने तथा यस्तो आदेश उल्लङ्घन गर्नेलाई दण्ड सजाय गर्न सकिने व्यवस्था ।

*खाद्य ऐन, २०२३*
खाद्य पदार्थको न्यूनतम स्तर कायम बनाइराख्न र दूषित खाद्य पदार्थको उत्पादन र बिक्री वितरणमा निषेध ।

*बिरुवा संरक्षण ऐन, २०२९*
पैठारी वा निकासी गरिने बिरुवा र बिरुवा उत्पादनमा लाग्ने विनाशकारी सङ्क्रामक कीटाणु वा रोगको आवागमन र विस्तारलाई निरोध र नियन्त्रण गर्ने ।

*राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९*
राष्ट्रिय निकुञ्जको व्यवस्था, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाउँहरूको संरक्षण संवर्द्धन, विकास तथा उचित व्यवस्था गर्ने ।

- मध्यवर्ती क्षेत्रका बासिन्दाको घरजग्गा बाढी पहिरोको कारण निकुञ्जको सीमा वा भित्र परे मनासिव क्षतिपूर्ति दिइने ।
- आम्दानीको रकममध्ये ३०-५० प्रतिशतसम्म रकम स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिने (चौथौ संशोधन २०४९ द्वारा थप) ।

*खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१*
खर्क जग्गाको राष्ट्रियकरण गरिएको, त्यस्तो जग्गा पशुचरणका लागि स्थानीय गाविसलाई जिम्मा लगाइने ।

*दानापदार्थ ऐन, २०३३*
दूषित दाना पदार्थको उत्पादन, बिक्री-वितरण, निकासी, पैठारी तथा सञ्चय गर्न मनाही; गुणस्तर तोक्ने, उत्पादन र बिक्री गर्न अनुज्ञापत्र लिने, दाना जाँचकी नियुक्त हुने ।

### *श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष ऐन, २०३९*
प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्ने ।

### *भू तथा जलाधार संरक्षण ऐन, २०३९*
बाढी, पहिरो, भू-क्षयजस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्न राष्ट्रिय स्रोत संरक्षण आदेश गठन गर्न सकिने ।

### *खानी तथा खनिज पदार्थ ऐन, २०४२* मा पहिलो संशोधन २०५० ले दफा ११(क) थप गरी देहायको व्यवस्था गरेको
१. खनिज कार्य गर्ने व्यक्तिले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ । साथै त्यस्तो खनिज कार्य गर्ने व्यक्ति वातावरण संरक्षणका सम्बन्धमा तोकिएबमोजिमका बचाउका उपायहरू अपनाउनु पर्नेछ ।

२. प्रतिकूल असर पार्ने देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन विभागले निर्देशन दिन सक्ने ।

३. निर्देशन पालन गर्न कर्तव्य हुने ।

स्पष्टीकरण: उल्लेखनीय प्रतिकूल असर भन्नाले खनिज कार्य गर्दा वातावरणमा पर्न सक्ने तोकिए बमोजिमको असर सम्झनु पर्छ ।

दफा २५(२). आदेश निर्देशनको पालन नगरे विभागले खनिज कार्य स्थगित गर्न, अनुमति रद्द गर्न सक्नेछ र त्यस्तो आदेश वा निर्देशन पालन नगरेको कारणबाट कुनै नोक्सानी पुग्न गएमा १ लाखसम्म जरिवाना र नोक्सानीको आधारमा मनासिब क्षतिपूर्ति समेत भराउनु पर्नेछ ।

### *फोहरमैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४४*
फोहरमैला प्रबन्ध र तत्सम्बन्धी स्रोतको परिचालन गर्न तथा फोहरमैलाद्वारा हुने प्रदूषणबाट सर्वसाधारण जनताको स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावलाई नियन्त्रण गर्न

- निश्चित ठाउँमा फ्याँक्नुपर्ने, जथाभावी फ्याँक्न निषेध गर्ने, प्रदूषण हुन नदिने ।
- निरीक्षण वा उपस्थितिले जरिवाना गर्न सक्ने, सो निर्णय अन्तिम हुने ।

### *बीउ बिजन ऐन, २०४५*
विभिन्न बालीको उत्पादन वृद्धि गराउन उच्च गुणस्तरको बीउ बिजन उत्पादन प्रशोधन तथा परीक्षण गरी गुणस्तरयुक्त बीउ बिजन सुव्यवस्थित रूपले उपलब्ध गराउन श्री ५ को सरकारले बीउ बिजन प्रमाणीकरण निकायको स्थापना गर्न सक्ने ।

*नगर विकास ऐन, २०४५*

नगर योजना क्षेत्रभित्र कृषि, प्राकृतिक सम्पदा, वनस्पति, वनजङ्गल, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरू प्रयोग गर्ने सम्बन्धमा आवश्यकताअनुसार नियमित, नियन्त्रण र निषेध गर्न सक्ने; कुनै प्रकारले वातावरण दूषित हुने काम गर्न निषेध गर्ने ।

*काठमाडौँ उपत्यका विकास प्राविधिकरण ऐन, २०४५*

योजना क्षेत्रको प्राकृतिक एवं वातावरणीय संरक्षणका लागि वनजङ्गल, खोलानाला, घाट तथा जल क्षेत्रमा हुने निर्माण एवं अन्य क्रियाकलापहरूको सम्बन्धमा शर्त तोकी सो बमोजिम कार्य गर्न, प्रतिकूल प्रभाव पर्ने गरी प्राकृतिक सम्पदाको उपयोग गर्न निषेध गर्ने ।

*जीवनाशक विषादी ऐन, २०४८*

विभिन्न बीउ, बिरुवा, रूख, पशुपंक्षी आदिमा लाग्ने घातक कीटाणुहरू नाश गर्न प्रयोग गरिने जीवनाशक विषादीको आयात, निर्यात, उत्पादन, किनबेच तथा प्रयोगलाई नियमित गर्न विषादीको पञ्जीकरण गर्नुपर्ने र त्यस्ता पञ्जीकरण गरिएका बाहेक अरू विषादी उत्पादन, बिक्री र प्रयोग गर्न नपाइने ।

*जलस्रोत ऐन, २०४९*

नेपाल अधिराज्य भित्रको भू-सतहमा वा भूमिमा वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषणमुक्त राख्ने ।

- जलस्रोतको गुणस्तर तोक्ने
- जलस्रोतको प्रदूषण सहन सीमा तोक्ने

*विद्युत ऐन, २०४९*

दफा ४: विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित विषयको आर्थिक प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदनसहित अनुमतिका लागि दरखास्त दिनुपर्ने व्यवस्था ।

दफा २४: विद्युत उत्पादन, प्रसारण वा वितरण गर्दा वातावरणमा प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने ।

*वन ऐन, २०४९*

वनको विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग गर्न र स्वस्थ वातावरणको प्रवर्द्धन गर्ने ।

### *आयकर ऐन, २०५८*

दफा १७: कुनै व्यक्तिले कुनै आर्थिक वर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो वर्षमा सो व्यवसाय सञ्चालन गर्ने कार्यमा खर्च गरेको हदसम्म प्रदूषण नियन्त्रण खर्च कट्टा गर्न पाउने छ । प्रदूषण नियन्त्रण खर्च भन्नाले प्रदूषण नियन्त्रण गर्ने वा अन्य रूपमा वातावरण संरक्षण गर्ने वा जोगाइ राख्ने उद्देश्यका लागि गरिएको खर्च ।

### *आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिवेदन ऐन, २०५८*

### *स्थानीय स्वायत्त शासन ऐन, २०५५*

आफ्नो क्षेत्रभित्र पानीका मुहानको संरक्षण गर्ने, भूक्षय र नदी नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने वृक्षारोपण गर्ने गराउने, वन वनस्पति, जैविक विविधता र वातावरण संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

### *खानी तथा खनिज पदार्थ नियमावली, २०५६*

- वातावरणमा उल्लेखनीय प्रतिकूल असरको व्याख्या - नियम ३२
- वातावरण संरक्षणका लागि अपनाउनु पर्ने बचाउका उपायहरू - नियम ३३

### *खानेपानी नियमावली, २०५५*

खानेपानीको स्रोतको उपयोग गर्दा वातावरणमा प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने, गरे उजुर लाग्ने, पानी आपूर्तिको वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्य गर्न हुँदैन, स्रोतलाई प्रदूषित बनाउन नहुने, गुणस्तर निर्धारण हुन सक्ने । (...) ♦